# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं कार्तिक १२ गते ०८ साल


## भाग २

## सूचना

१ सरकारी कर्मचारीहरूले तलब क्यासमा पाउने जग्गाभर्ना झिक्ने। कर्मचारीहरूले पाउने क्यास तलबको सिलसिला बनेपछि जग्गाभर्ना आफसे आप खारेज हुनेछ। तिर्जाको प्रथा खारेज गर्ने भएको हुनाले तिर्जाको उठति मालको भाउले नगदै उठाउने भन्ने समेत मन्त्रिमण्डलबाट पास भएको हुनाले २००६ सालदेखि खान्गी भत्ता लगायतमा दर्ता भै तिर्जा पुर्जा गरी वा नगरी रैकर जग्गा पाई खाई राखेको खारेज गरी माल मालबाट तहसील गराउने गर्नू। जागीरदारलाई दरबन्दिबमोजिम नगदी तलब दिनू। पकाइसकेका २००८ सालको धान बालीको तिर्जा पुर्जाको हकमा जिन्सी तहसील नगर्नू। इलाका मालमालको दरभाउले नगदी बुझ्नू। जग्गावाला रैतीहरूले पनि मालको भाउले नगदी बुझाउनू।

२ २००८ साल आश्विन २६ गते ले. क. हिमालयशम्शेर अर्थमन्त्रालयको सेक्रेटरीमा नियुक्त हुनुभयो।

अर्थमन्त्रालय.


गोरखापत्र छापाखानाबाट प्रकाशित



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।